# चियाखेती प्रवर्धन तथा आधुनिकीकरण कार्यक्रम संचालन निर्देशिका, २०७५

प्रदेश सरकार, (माननीय मूख्य मन्त्री तथा भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री स्तर)

मिति २०७५/०७/०९ को निर्णयबाट स्वीकृत

प्रदेश सरकार

प्रदेश नं.१

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

बिराटनगर

सचिव

# "चियाखेती प्रवर्धन तथा आधुनिकिरण कार्यक्रम संचालन निर्देशिका, २०७५"

**प्रदेश सरकार, माननीय मूख्य मन्त्री तथा भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री स्तरबाट स्वीकृती प्राप्त** मिती : २०७५/०७/०९

पृष्ठभूमिः

चियाको क्षेत्र विस्तार उत्पादन, प्रशोधन एवं व्यापारीक कारोवारमा निजीक्षेत्रको सहभागिता अभिबृद्धि गरी प्रदेश नं. १ मा उपलब्ध संभावनाको दिगो र व्यवस्थित उपयोगव्दारा आय आर्जन तथा रोजगारीको अवसरमा बृद्धि एवं बैदेशिक मुद्रा आर्जन गर्ने भरपर्दो श्रोतको रुपमा विकास गर्न भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले प्रदेश सरकारको नीति तथा कार्यक्रममा अन्तर्निहित भावना अनुरुप चिया खेती कार्यक्रम संचालन गर्नका लागि भूमि ब्यबस्था कृषि तथा सहकारी मन्त्रालयको वार्षिक स्वीकृत कार्यक्रममा बजेट ब्यबस्था भएको हुदा उक्त कार्यक्रम कार्यान्वयन गर्न **"चियाखेती प्रवर्धन तथा आधुनिकिरण कार्यक्रम संचालन निर्देशिका, २०७५"** स्वीकृत गरी लागू गरिएको छ ।

## परिच्छेद १

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :**

क) यो निर्देशिकाको नाम **"चियाखेती प्रवर्धन तथा आधुनिकिरण कार्यक्रम संचालन निर्देशिका, २०७५"** रहेको छ ।

ख) यो निर्देशिका प्रदेश सरकारबाट स्वीकृत भएको मिति देखि भएपछि लागू हुनेछ ।

**२. परिभाषाहरु :**

अ) **"चिया उद्यमी वा संघ-संस्था"** भन्नाले हदवन्दी छुटको सुविधा लिई उद्योग दर्ता गराई कम्तीमा २०० हेक्टरमा चिया खेती गर्ने कृषक, सहकारी, कम्पनी लाई जनाउँदछ ।

आ) **"सहकारी चिया खेती"** भन्नाले सहकारी ऐन अन्तर्गत गठन भई समुहगत रुपमा चिया खेती गरेकोलाई जनाउँदछ ।

इ) **"चिया उद्योग"** भन्नाले उद्योग दर्ता गरी हदबन्दी छुटको सुविधामा चिया खेती गरेको वा जग्गा भाडामा वा लिजमा लिई खेती गरेर आफ्नै प्रशोधन कारखाना भएकोलाई जनाउँदछ



सचिव

ई) **"चिया व्यावसाय"** भन्नाले चियाको खेती प्रशोधन, आयात निर्यात, चिया प्याकिङ्ग र बजार व्यवस्था गर्ने कार्यलाई जनाउँदछ ।

उ) **"चिया प्रशोधन कारखाना"** भन्नाले चियाको हरियोपत्ति लाई प्रशोधन गर्ने उद्योग वा कारखानालाई जनाउँदछ ।

ऊ) **"कार्यालय"** भन्नाले प्रदेश सरकार, प्रदेश नं. १, बिराटनगर स्थित भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय जनाउँदछ ।

ए) **"स्कीम/व्यावसायिक योजना"** भन्नाले सुचना प्रकाशन पछि चिया क्षेत्र विस्तार तथा आधुनिकिकरण सम्बन्धी योग्य आवेदकहरुले पेश गरेको अवधारणा पत्र/योजना लाई सम्झनु पर्दछ ।

३. उद्देश्य : **यस निर्देशिकाको उद्देश्य देहाय बमोजिम रहेको छ ।**

क. संभाब्यताको आधारमा प्रदेशमा ब्यबसायिक चिया खेति विस्तार गर्न सहयोग गर्ने ।

ख. चिया उत्पादन प्रवर्धनमा सहयोग गरी निर्यात प्रवर्धन गर्ने ।

ग. उत्पादनोपरान्तका कृयाकलापहरुमा सहयोग उपलब्ध गराई बजारमा पहुच बढाउने ।

## परिच्छेद २

## कार्य संचालन क्षेत्रहरु तथा योगयता

**४. कार्य संचालन प्रकृया :**

४.१ चिया खेती विस्तारका कार्यक्रम :- यस अन्तर्गत देहायका कार्यक्रम सञ्चलान गरिने छ ।

क) चिया खेती विस्तारमा प्रयोग हुने बिरुवा र कटिङ्ग ।

ख) चिया नर्सरी स्थापना र सो को लागि आवश्यक सामाग्रीहरु ।

ग) श्रम खर्च तथा ज्यामी ज्याला ।

घ) कृषि चुन, विषादी, हर्मोन, Growth Regulator र अन्य आवश्यक पदार्थहरु ।

४.२ चिया प्रशोधनका लागि कारखाना निर्माण :- यस अन्तर्गत देहायका कार्यक्रम सञ्चलान गरिने छ ।

क) चिया प्रशोधन घर निर्माण ।

सचिव

ख) चिया प्रशोधन कारखानाका लागि मेशिनरी खरिद तथा जडान खर्च ।

ग) अन्य आवश्यक उपकरण खरिद तथा जडान खर्च ।

४.३ ढुवानीका लागि सवारी साधन खरिद :- यस अन्तर्गत चियापत्ती र चिया ढुवानीका लागि प्रयोग हुने ट्रक, भ्यान तथा सिङ्गल क्याब पिक अप खरिदका लागि अनुदान प्रयोग गर्न सकनेछ । तर पदाधिकारीको सुविधाको लागि सवारी खरिद गर्न पाईने छैन ।

५. आवश्यक योग्यता :

क) आवेदक सहकारीको हकमा चिया खेति उत्पादन तथा प्रशोधन सहकारी सम्बन्धित निकायमा दर्ता भई नियमित रुपमा नविकरण तथा लेखा परिक्षण गराएको हुनु पर्ने छ ।

ख) निजि ब्यबसाय / कम्पनी घरेलु तथा साना उद्योग कार्यालय वा कम्पनि रजिष्टारको कार्यालयमा दर्ता भई नियमित रुपमा नविकरण तथा लेखा परिक्षण गराएको हुनु पर्ने छ ।

ग) चिया खेती विस्तारको लागि न्युनतम २०० हेक्टर जग्गा हुनु पर्ने छ । साना कृषकको रुपमा कम्तीमा १६.५ हेक्टर जग्गामा चिया खेति विस्तार गर्नु पर्नेछ ।

घ) चिया प्रशोधन कारखाना निर्माणको लागी सहकारी/ निजी व्यवसायी/ कम्पनीको स्वामित्वमा जग्गा भएको हुनु पर्ने छ । सहकारी/ निजी व्यावशायी/ कम्पनीको नाममा जग्गा नभएमा कम्तीमा २० वर्ष को लागी लिजमा जग्गा लिएको हुनु पर्ने छ ।

ङ) चिया कारखाना निर्माणको लागि चियाको हरियोपत्ती उत्पादन शुरु भएको हुनु पर्दछ ।उक्त स्थानमा बिजुली, पानी, बाटो आदिको व्यवस्था भएको वा आवेदक आफैले गर्नुपर्ने छ ।

६. सुचना प्रवाह :- संभाव्य र आवश्यक क्षेत्रहरुमा चिया खेती विस्तार, कारखाना स्थापना तथा आधुनिकिकरण लगायतका कार्यहरुमा अनुदान उपलब्ध गराउने सम्बन्धी प्रस्ताव आहवान गर्न सुचना प्रकाशन गर्नेछ ।

तर अनुदानग्राही संस्था र कार्यान्बयन गरिने स्थान तोकेर बार्षिक कार्यक्रम स्वीकृत भएको तथा प्रदेश सरकारको रातो किताबमा समेत अनुदानग्राही संस्थाको नाममा बजेट बिनियोजन भई आएको खण्डमा दफा ६ लागु हुने छैन ।

७. आवेदन दिनु पर्ने :- चिया खेती विस्तार, कारखाना स्थापना तथा आधुनिकिकरण लगायतका कार्यहरुमा अनुदान उपलब्ध गराउने सम्बन्धी कार्यका लागि योग्यता पुगेका उद्यमी, सहकारी र कम्पनीहरुले अनुसुचि-१ मा उल्लेखित ढाँचा अनुसार अनुसुचि-२ अनुसारका कागजातहरु संलग्न राखी आवेदन दिनु पर्ने छ ।

८. कार्यक्रम संचालन हुने जिल्लाहरु : ताप्लेजुङ्ग, पाँचथर, भोजपुर, तेह्रथुम र धनकुटा

## परिच्छेद ३

## प्रस्ताव मुल्यांकन

९. स्कीम व्यवसायिक योजना /मूल्यांकन :

९.१ अनुदानका लागि पेश हुन आएका प्रस्तावहरुको मूल्यांकन तथा सिफारिसको लागी निम्न बमोजिमको मूल्यांकन तथा सिफारिस समिति गठन गरिनेछ ।

| | |
|---|---|
| (१) प्रमुख, खाद्ध सुरक्षा तथा कृषि व्यवसाय प्रवर्धन महाशाखा | अध्यक्ष |
| (२) प्रमुख, कृषि योजना तथा अनुगमन महाशाखा | सदस्य |
| (३) कानुन अधिकृत, प्रशासन शाखा | सदस्य |
| (४) लेखा अधिकृत, आर्थिक प्रशासन शाखा | सदस्य |
| (५) कृषि अर्थ विज्ञ, कृषि व्यवसाय प्रवर्धन तथा बजार विकास शाखा | सदस्य सचिव |

९.२ आवश्यकता अनुसार सम्बन्धित क्षेत्रका विज्ञहरु बढीमा २ (दुई) जना लाई आमन्त्रण गर्न सकिनेछ ।

९.३ मूल्याङ्कन समितिले अनुसुचि- ३ बमोजिमको ढाँचामा मुल्याङ्कन गर्ने छ। न्यूनत्तम ५० प्रतिशत अंक प्राप्त गरे मात्र योग्य मानिने छ। ५० प्रतिशत भन्दा कम अंक प्राप्त गर्ने स्किम/ व्यवसायीक योजनालाई प्रतिस्पर्धामा सहभागी गराइने छैन । मूल्याङ्कन समितिले आवश्यक ठानेमा स्थलगत प्रमाणीकरण समेत गर्न सक्ने छ।

९.४ मूल्यांकन तथा सिफारिस समितिले स्वीकृतिको लागि प्रदेश सरकार, भुमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयमा पेश गर्ने छ।

सचिव

परिच्छेद ४

अनुदान रकम सम्बन्धी व्यवस्था

१०. अनुदान रकम :

१०.१ चिया खेती विस्तार अन्तर्गत उपदफा ४.१ मा उल्लेख भएका कृयाकलापहरुका लागि बढीमा ७५ प्रतिशत अनुदान उपलब्ध गराईने छ ।

१०.२ चिया प्रशोधनका लागि कारखाना निर्माण अन्तर्गत उपदफा ४.२ मा उल्लेख भएका कृयाकलापहरुका लागि बढीमा ७५ प्रतिशत अनुदान उपलब्ध गराईने छ ।

१०.३ ढुवानीका लागि सवारी साधन खरिद अन्तर्गत उपदफा ४.३ मा उल्लेख भएका कृयाकलापहरुका लागि बढीमा ७५ प्रतिशत अनुदान उपलब्ध गराईने छ ।

१०.४ सीप विकास तथा क्षमता अभिवृद्धि, अध्ययन अवलोकन भ्रमण लगायतका कार्यहरुमा अनुदान उपलब्ध हुने छैन ।

१०.५ कार्यक्रममा विनियोजित बजेट मध्ये २ (दुई) प्रतिशत रकम कन्टिजेन्सी बापत कट्टा गरिने छ ।

११ **सम्झौता** :- स्किम /व्यबसायीक योजना स्वीकृत भएपछि अनुसूची ४ बमोजिमको ढाँचामा सम्झौता गरिने छ।

परिच्छेद ५

भुक्तानी प्रकृया

**१२. चिया खेती विस्तारः**

१२.१ कार्य प्रारम्भ गर्न शुरुमा २० प्रतिशत पेश्की उपलव्ध गराईनेछ ।

१२.२ कार्य सम्पन्न तथा पेश भएका वील भरपाई आधारमा बढीमा ८० प्रतिशत रकम प्रथम किस्ताको रुपमा र बाँकी २० प्रतिशत रकम दोस्रो किस्ताको रुपमा भुक्तानी गरिनेछ । यसरी प्रथम किस्ता भुक्तानी गर्दा पेश्की दिएको रकम कट्टा गरिने छ । किस्ता भुक्तानी स्थलगत अनुगमन गरी अनुगमन टोलिको सिफारिस वमोजिम मात्र गरिनेछ ।

सचिव

१३. चिया प्रशोधनको लागी कारखाना स्थापनाः

१३.१ भवन निर्माणको लागत स्टिमेट वमोजिम रनिङ विलको आधारमा बढीमा ५० प्रतिशत पहिलो किस्ता र वाकी ५० प्रतिशत दोस्रो किस्ताको रुपमा भुक्तानी गरिने छ ।

१३.२ प्रशोधनको लागि प्रयोग हुने मेसीनरी औजार उपकरणको प्रमाणित प्रास विल भरपाईको आधारमा भुक्तानी गरिने छ ।

१३.३ ढुवानी प्रयोजनको सवारी साधनको प्रमाणित विल भरपाई प्रास भएपछी एकै किस्तामा भुक्तानी गरिने छ ।

१४.४ ढुवानी प्रयोजनको लागि सवारी साधन तथा मेशिनरी औजार उपकरण खरीदको लागि दरभाउ पत्र पेश गर्नुपर्ने छ ।

१५.५ अन्तिम किस्ता भुक्तानी गर्दा कार्य सम्पन्न प्रतिवेदन, सार्वजनीक सुनुवाई, अनुगमन प्रतिवेदन र सम्वन्धित कृषि ज्ञान केन्द्रको सिफारिस अनिवार्य रुपमा पेश गर्नुपर्ने छ ।

१५.६ सम्झौता अनुरुप कार्यको मूल्यांकनको अधारमा भुक्तानी हुनेछ । सम्पन्न हुन नसकेको कार्यको रकम फिर्ता गर्नु पर्नेछ ।

१६.७ तलबज्यामी ज्याला जस्ता क्रियाकलाप ,भ्रमण ,भत्ता ,हरुमा अनुदान उपलब्ध गराइने छैन

१६.८ अनुदान रकम लगायतका खर्चहरु आर्थिक ऐन, नियम एवं प्रचलित कानून अनुसार हुनेछ ।

## परिच्छेद ६

## अनुगमन, मूल्यांकन तथा प्रतिवेदन

१७. अनुगमन तथा मूल्यांकन :

क) चिया खेती विस्तार तथा आधुनिकिकरण कार्य संचालनको अनुगमन तथा मूल्याङ्कन भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, बिराटनगर, कृषि विकास निर्देशनालय, बिराटनगर तथा सम्बन्धित जिल्लाको कृषि ज्ञान केन्द्रले गर्नेछ ।

ख) चिया खेती विस्तार तथा आधुनिकिकरण कार्य संचालनको अनुगमन तथा सार्बजनिक सुनुवाई २ (दुई) पटक (संचालन पूर्व तथा कार्य सम्पन्न पश्चात) गर्नु पर्नेछ । सार्बजनिक सुनुवाई मा स्थानीय सरकारका प्रतिनिधिहरु, सरोकारवाला निकायका प्रतिनिधिहरु, कार्यालयका प्रतिनिधिहरु सहितको उपस्थितीमा गर्नु पर्नेछ । सार्बजनिक सुनुवाई को प्रतिलिपी कार्य सम्पन्न प्रतिवेदन साथ पेश गनुपर्नेछ ।

सचिव

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं.-१
बिराटनगर, नेपाल

१८. प्रतिवेदनः

क) कार्यक्रम कार्यान्वयन गर्ने संस्थाले किस्ता/रकम माग गर्दा स्कीम/व्यावसायिक योजना/प्रस्ताव बमोजिमका कृयाकलापहरु उल्लेख गरी प्रतिवेदन पेश गर्नु पर्नेछ । अन्तिम किस्ता भुक्तानीका लागि कार्य सम्पन्न प्रतिवेदन अनिवार्य रुपमा पेश गर्नुपर्ने छ ।

ख) आवश्यकता अनुसार कार्यालयले समय समयमा माग गरेमा विवरण तथा अन्य प्रतिवदेन पेश गर्नुपर्ने छ।

परिच्छेद ७

विविध

१९. आर्थिक प्रशासन सेवाः

कार्यक्रमको लेखा, लेखाकंन, लेखा परिक्षण तथा आर्थिक कार्यविधि ऐन २०५५, आर्थिक कार्यविधी नियमावली २०६४, सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ तथा प्रदेश एवं संघिय सरकारका प्रचलित ऐन, नियम र कानून बमोजिम हुनेछ ।

२०. कार्यवाहीको व्यवस्थाः

प्रस्ताव स्वीकृत स्कीम/व्यवसायिक योजना अनुसार कार्यक्रम सम्पन्न नगरी प्राप्त अनुदानलाई दुरुपयोग गरिएको पाइएमा नेपाल सरकारको प्रचलित ऐन नियम तथा कानुन बमोजिम कार्यवाही हुनेछ।

२१. प्रचलित कानुन लागु हुनेः

कार्यक्रम कार्यान्वयनको सम्बन्धमा प्रचलित कानुनमा उल्लेख भएमा सोहि बमोजिम तथा उल्लेख नभएको कार्यक्रमको हकमा यसै कार्यविधि बमोजिम कार्यान्वयन हुनेछ।

२२. बिमाः

स्कीम व्यवसायिक योजनाको सम्भाव्यताको आधारमा बिमा गराउनु पर्ने छ।

२३. बाधा अड्काउ फुकाउने (खारेजी एबं संशोधन):

(क) यस निर्देशिका कार्यान्वयन सन्दर्भमा भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको हुनेछ ।

(ख) यस निर्देशिका कार्यान्वयनमा बाधा अडचन आइपरेमा वा विवाद उत्पन्न भएमा सो को निरुपण प्रचलित कानून बमोजिम हुनेछ ।

(ग) यस निर्देशिकालाई आवश्यकता अनुसार प्रदेश सरकारले खारेजी र संशोधन गर्न सक्नेछ ।

अनुसूचि — १

स्किम / व्यवसायिक योजना ढाँचा

| | |
|---|---|
| प्रस्तावित आयोजनाको नाम | |

१) आवेदक र सम्पर्क व्यक्ति सम्वन्धी विवरण:

| | |
|---|---|
| आवेदक संस्थाको नाम: | |
| पूर्ण ठेगाना (पत्राचारको लागि) | |
| संस्था स्थापना भएको मिति | |
| सम्बन्धित निकायमा संस्था दर्ता भएको मिति | |
| टेलिफोन | |
| सम्पर्क व्यक्तिको नाम: | |
| सम्पर्क व्यक्तिको टेलिफोन: | |
| इमेल: | |
| प्रस्तावित आयोजना स्थल (कार्य क्षेत्र) | |
| प्रस्तावित आयोजनाको कूल खर्च | |
| माग गरेको कूल अनुदान रकम रु | |
| उद्यमी/सहकारी/ कम्पनी तर्फबाट | |

२) अनुदानग्राही संस्थाको अनुभव र अन्य विवरण

| | |
|---|---|
| बिगतमा गरेका कामहरुको संक्षिप्त विवरण | |
| वित्तीय, मानविय र भौतिक श्रोत | |

३) समस्या, औचित्य, उद्देश्य तथा लाभान्वित घर परविार संख्या

| | |
|---|---|
| समस्याहरु | |
| आयोजनाको उद्देश्यहरु | |
| औचित्य | |
| लाभान्वित घर परविार संख्या (प्रत्यक्ष तथा अप्रत्यक्ष) | |
| ४. आयोजना संचालन प्रकृया | |
| ५. अनुदानबाट के उपलब्धि हासिल हुने छ | |
| क्षेत्रफल बिस्तार(हेक्टर) | |
| उत्पादन बृद्धि (परिमाण, मे.ट.) | |
| जिबिकोपार्जन तथा जिवनस्तर सुधार | |
| रोजगारी तथा आर्थिक अवस्था सुधार | |

सचिव

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं.-१
बिराटनगर, नेपाल

६. आम्दानी र खर्च विश्लेषण

| आम्दानी विश्लेषण | | | | |
|---|---|---|---|---|
| बिवरण | प्रथम बर्ष | दोश्रो बर्ष | तेश्रो बर्ष | कैफियत |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| जम्मा आम्दानी | | | | |
| खर्च विश्लेषण | | | | |
| बिवरण | प्रथम बर्ष | दोश्रो बर्ष | तेश्रो बर्ष | कैफियत |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| जम्मा खर्च | | | | |
| सालाखाला मुनाफा (Gross Margin) | | | | |
| लाभ लागत अनुपात (B:C Ratio) | | | | |
| IRR | | | | |

सचिव

७. मुख्य प्रस्तावित कृयाकलापहरुंको लागत अनुमानको विस्तृत प्रस्तावित खर्च अनुसार विवरण पेश गर्नुहोस् ।

| क.सं. | मुख्य कृयाकलापहरु | माग गरेको अनुदान | आवेदकको योगदान | कूल | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | कूल | | | | |

## अनुसुचि - २

आयोजना प्रस्ताव साथ संलग्न हुनुपर्ने कागजातहरु

१. दर्ता तथा नवीकरण भएको र स्थायी लेखा नम्बर लिएको कागजको प्रमाणित प्रतिलिपि

२. जग्गाको लालपुर्जा वा भाडामा लिएको भए तथा लिजको प्रमाणित प्रतिलिपि

३. नियमित लेखापरिक्षण प्रतिवेदन र सरकारी कर चुक्ता प्रमाणको प्रतिलिपि

४. आयोजनाको व्यावसायिक योजना, डिजाईन, स्पेसिफिकेशन तथा लागत अनुमान

५. निर्माण कार्यका लागि विस्तृत ईन्जीनियरीङ्ग डिजाईन

६. आयोजनाको बजेट श्रोतहरु

७. संस्था/कम्पनीमा हाल रहेको नगद मौज्दातको प्रमाण

८. सडक, पानी र बिजुली रहे/ नरहेको विवरण

९. संस्था/कम्पनीका साधारण सदस्य संख्या

१०. सहकारी/उद्यमी/कम्पनीको निर्णयको प्रतिलिपी

सचिव

## अनुसुचि -३

### चिया खेती विस्तार तथा आधुनिकिकरणका लागि अनुदान रकम उपलब्ध गराउने आयोजना प्रस्ताव मूल्यांकन फारम

| क्र.स. | मुल्याङ्कन आधारहरु | अधिक्तम | प्राप्ताङ्क |
|---|---|---|---|
| १ | **अनुदानग्राहि संस्थाको अनुभव** | २० | |
| १.१ | विगतमा २ वा सो भन्दा बढि आयोजना संचालन गरेको भए | ५ | |
| | २ भन्दा कम आयोजना संचालनको अनुभव | ३ | |
| १.२ | बित्तिय श्रोत परिचालन | १० | |
| | रु. १ करोड भन्दा बढि | १० | |
| | रु. ५० लाख देखि १ करोड सम्म | ८ | |
| | रु. ५० लाख भन्दा कम | ५ | |
| १.३ | व्यवस्थापक, लेखापाल, कार्यक्रम, संयोजकले तोकिएको | ३ | |
| १.४ | नियमित लेखा परिक्षण | २ | |
| २. | **स्कीम व्यवसायिक योजनाको प्राविधिक पक्ष /** | २० | |
| २.१ | प्राविधिक संभाव्यता | ५ | |
| | अति राम्रो | ५ | |
| | राम्रो | ३ | |
| २.२ | समस्याको विश्लेषण | ५ | |
| | अति राम्रो | ५ | |
| | राम्रो | ३ | |
| २.३ | उद्देश्य | ५ | |
| | सान्दर्भिक | ५ | |
| | कम सान्दर्भिक | ३ | |
| २.४ | औचित्य | ५ | |
| | समस्या अनुसार प्रष्ट | ५ | |
| | अप्रष्ट | ३ | |
| ३. | **आयोजना संचालन प्रकृया** | २० | |
| ३.१ | लाभान्वित परिवार संख्या | ५ | |
| | १००० भन्दा बढि | ५ | |
| | ५०० देखि १००० | ३ | |
| | ५०० भन्दा कम | २ | |
| ३.२ | समावेशिकरण | १५ | |
| | महिला सहभागिता | ५ | |

सचिव

| क्र.स. | मुल्याङ्कन आधारहरु | अधिक्तम | प्राप्ताङ्क |
|---|---|---|---|
| | ५० प्रतिशत भन्दा बढि | ५ | |
| | ५० प्रतिशत देखि ३० प्रतिशत सम्म | ३ | |
| | ३० प्रतिशत भन्दा कम | २ | |
| | दलित | ५ | |
| | २० प्रतिशत भन्दा बढि | ५ | |
| | १० प्रतिशत देखि २० प्रतिशत सम्म | ३ | |
| | १० प्रतिशत भन्दा कम | २ | |
| | जनजाती | ५ | |
| | ५० प्रतिशत भन्दा बढि | ५ | |
| | ५० प्रतिशत देखि ३० प्रतिशत सम्म | ३ | |
| | ३० प्रतिशत भन्दा कम | २ | |
| ४. | उपलब्धी | ३० | |
| ४.१ | उत्पादन उत्पादकत्व वृद्धि | ५ | |
| | उत्साहजनक | ५ | |
| | सन्तोषजनक | ३ | |
| ४.२ | क्षेत्रफल विस्तार | ५ | |
| | उत्साहजनक | ५ | |
| | सन्तोषजनक | ३ | |
| ४.३ | सालाखाला मुनाफा (Gross margin) | ५ | |
| | राम्रो | ५ | |
| | सन्तोषजनक | ३ | |
| ४.४ | B/C ratio | ५ | |
| | राम्रो | ५ | |
| | सन्तोषजनक | ३ | |
| ४.५ | IRR | १० | |
| | राम्रो | १० | |
| | सन्तोषजनक | ५ | |
| ५ | प्रस्तावित कृयाकलाप र वित्तिय प्रस्ताव | १० | |
| ५.१ | प्रस्तावित कृयाकलाप र उद्देश्य तालमेल | ५ | |
| | राम्रो | ५ | |
| | सन्तोषजनक | ३ | |
| ५.२ | अनुदानग्राहिको सहभागिता | ५ | |



सचिव

| क.स. | मुल्याङ्कन आधारहरु | अधिक्तम | प्राप्ताङ्क |
|---|---|---|---|
| | ७० प्रतिशत भन्दा बढि | ५ | |
| | ६० प्रतिशत देखि ७० प्रतिशत सम्म | ४ | |
| | ५० प्रतिशत देखि ६० प्रतिशत सम्म | २ | |

सचिव

अनुसुचि ४

चिया खेती विस्तार तथा आधुनिकिकरणका लागि सम्झौता पत्र

प्रदेश सरकार, प्रदेश नं१ ., भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय र श्री चिया) ............................................................................कृषक/निजी व्यावसायी/कृषि सहकारीबिच चिया खेती विस्तार तथा आधुनिकिकरण कार्यक्रम अन्तर्गत कार्यहरु ( सम्बन्धी सम्झौता पत्र

सम्झौता पत्र

प्रदेश सरकार, प्रदेश नं१ ., भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय (जसलाई यस पछि यस लिखतमा प्रथम पक्ष भनिने) को आ.व. ...............को स्वीकृत कार्यक्रम अन्तरगत जिल्ला ....................................गाँउ/नगर/उप/महा नगरपालिका ......... .वडा नं ..................... स्थित श्री चिया कृषक) ........................................................................................./निजी व्यावसायी/कृषि सहकारी ((जसलाई यस पछि यस लिखतमा दोश्रो पक्ष भनिने) तपसिल बमोजिमको शर्तहरुको अधिनमा रहि .............................. मसान्त भित्र लक्षित निर्माण कार्य सम्पन्न गर्न, गराउन दुबै पक्ष (प्रथम पक्ष र दोश्रो पक्ष) बिच सहमति कायम भएकाले यो सम्झौता गरिएको छ ।

शर्तहरु

१. चिया खेती विस्तार अन्तर्गतका कार्यत्रहरुको लागी दोश्रो पक्षले पेश गरेको प्रस्तावमा प्रथम पक्षले प्राविधिक सरसल्लाह, सुपरिवेक्षण हुनेछ ।
२. चिया प्रशोधन कारखाना निर्माण कार्यको डिजाईन, लागत अनुमान तयार गर्ने, स्वीकृत गर्ने, प्राविधिक सल्लाह दिने, रेखांकन गर्ने, जाँचपास गर्ने, सुपरिवेक्षण गर्ने, गुणस्तर नियन्त्रण गर्ने, सम्पादित कामको नापजाँच गरी बिल तयार गर्ने कार्यहरु दोश्रो पक्षले नेपाल सरकारबाट मान्यता प्राप्त प्राविधिकरफर्मबाट गराउनु पर्नेछ ।
३. चिया खेती विस्तार, प्रशोधन कारखाना स्थापना तथा ढुवानी साधन अनुदानमा उपलब्ध गराउनको लागी कुल लागत रुमध्ये चिया खेती विस्तारको लागी ...................... ................................प्रतिशत अर्थात रु ८५को ...............रु, चिया प्रशोधन कारखाना स्थापना अन्तर्गतको लागी कुल रु ७५को ..........................तत अर्थात प्रतिश .......................................रु, चिया व्यवसाय आधुनिकिकरण अन्तर्गत ढुवानी साधन अनुदानमा खरिदको लागी कुल रुप्रतिशत अर्थात ७५को ......................................... ...............................................रु, गरी कुल जम्मा रु......................... मात्र प्रथम पक्षबाट अनुदान स्वरुप उपलब्ध हुनेछ । कुल लागत रकम रुको .......................... मात्र बराबरको रकम दोश्रो पक्षको तर्फबाट व्यहोर्नु पर्नेछ .................................जम्मा रु

भन्दा बिलको रकम बढी व । कार्य संचालनको शिलशिलामा सम्झौता रकम घटी भएमा सोही अनुपातमा दोश्रो पक्षले व्यहोर्नु पर्नेछ ।

४. निर्माण कार्यको प्रभावकारी संचालन तथा गुणस्तर नियन्त्रण गर्ने कार्यको लागि दोश्रो पक्षबाट घटिमा तिन सदस्यिय निर्माण समिति गठन गरि सो समितिबाट निर्माण कार्यको अनुगमन तथा निरिक्षण गर्नु पर्ने छ । प्रथम पक्षसंग नियमित समन्वयको लागि निर्माण समितिबाट एकजना प्रतिनिधि चयन गरी त्यसको लिखित जानकारी दोश्रो पक्षले प्रथम पक्षलाई गर्नु पर्नेछ । निर्माण कार्य गर्ने क्रममा कुनै किसिमको समस्या आएमा निर्माण समितिले यथासिघ्र मौखिक तथा लिखित जानकारी प्रथम पक्षलाई दिनु पर्नेछ । यस सम्झौता बमोजिम हुने निर्माण कार्यमा प्रथम पक्षले उपलब्ध गराएको स्पेसिफिकेसन बमोजिम कार्य नभई कम गुणस्तररगुणस्तरहिन निर्माण कार्य भएको देखिएमा त्यसको जिम्मेवारी निर्माण समितिले लिनुपर्ने छ ।

५. प्रत्येक किस्ताको भुक्तानी लिन दोश्रो पक्षले हरेक किस्ताको सम्पादित निर्माण कार्यको प्राविधिक मुल्याङ्कन, विल, भरपाई र खर्च प्रमाणित गर्ने सम्पुर्ण कागजातहरु तथा सार्वजनिक लेखा परिक्षण सहितको सक्कलै कागजातहरु त्यस कृषक समुहको बैठकबाट अनुमोदन गराई प्रथम पक्षलाई पेश गर्नु पर्ने छ । पेश गरिएका खर्च प्रमाणित गर्ने कागजातहरु प्रथम पक्षले रुजु गरे पश्चात मात्र दोश्रो पक्षलाई भुक्तानी गरिने छ ।

६. दोश्रो पक्षले आफुले प्रत्येक किस्तामा गरेको खर्चको सुचना सार्वजनिक स्थानमा टाँस गर्नुपर्ने छ

७. निर्माण कार्यको प्राविधिक सहयोगको लागि प्रथम पक्षले एक जना प्राविधिक करारमा नियुक्त गर्न सक्ने छ । र नियुक्त गरिएको प्राविधिकलाई दिनु पर्ने पारिश्रमिक दोश्रो पक्षले व्यहोर्नु पर्नेछ ।

८. निर्माण कार्य दोश्रो पक्ष आफैले सम्पन्न गर्नु पर्ने छ र कुनै निर्माण ब्यवसायी वा सब।कन्ट्रयाक्टरबाट गराउन पाईने छैन।

९. गुणस्तरीय निर्माण कार्यको लागि प्रथम पक्ष तथा तेश्रो पक्षबाट समय समयमा अनुगमन गरिने छ

१० निर्माण कार्यहरु दोश्रो पक्षले मिति ........................ भित्र अनिवार्य रुपमा सम्पन्न गर्नु पर्ने छ । तर उक्त समयावधि भित्र सम्झौता बमोजिमको निर्माण कार्य सम्पन्न हुन नसकेको कारणले प्रथम पक्षबाट रकम भुक्तानी हुन नसक्ने अवस्था आएमा सो बाँकी रहेको निर्माण कार्यको जिम्मेवार दोश्रो पक्ष स्वयम हुनेछ र उक्त बाँकी रहन गएको निर्माण कार्य दोश्रो पक्ष स्वयमले नै सम्पन्न गर्नु पर्ने छ तथा बाँकी रहेको निर्माण कार्यको भुक्तानी दोश्रो पक्ष स्वयमले नै व्यहोर्नु पर्ने छ ।

११ निर्माण कार्य सम्पन्न भईसके पछि प्रथम पक्षले सोको रेखदेख, मर्मत संभार गर्ने जिम्मेवारी समेत, स्वामित्व दोश्रो पक्षलाई नै हस्तान्तरण गरिने छ ।

सचिव

१२ निर्माण कार्यको सिलसिलामा कुनै किसिमको समस्याहरु आइपरेमा द्विपक्षीय समन्वयबाट (प्रथम पक्ष र दोश्रो पक्ष) प्रचलित कानुनको अधिनमा रही समाधान खोजिनेछ ।

१३ दोश्रो पक्षले प्राप्त गरेको कुनै रकम दुरुपयोग गरेको पाईएमा प्रथम पक्षले छानबिन गरी त्यस्तो रकम कृषक समुहका पदाधिकारीहरुबाट दामासाहीले सरकारी बाँकी सरह असुल उपर गरिने छ ।त्यस्तो रकम असुल उपर गर्ने क्रममा त्यस्तो निकायलाई सहयोग पुर्याउनु प्रथम पक्षको सम्बन्धित अधिकारीको कर्तब्य हुनेछ ।

१४ सम्झौता बमोजिमको निर्माण कार्य गरेको चिया खेती विस्तार, प्रशोधन कारखाना तथा आधुनिकिकरण कार्यक्रम अन्तर्गतका प्रयोजनको लागि बाहेक अन्य कुनै उद्देश्यको लागि प्रयोगमा ल्याउन पाउने छैन ।

१५ उक्त चिया खेती विस्तार, प्रशोधन कारखाना तथा आधुनिकिकरण कार्यक्रम अन्तर्गतका ढुवान साधान अनुदानका सेवा उपयोग गरे वाफत उपभोक्ताले तिर्नु पर्ने सेवा शुल्क तोकी त्यस्तो शुल्क जम्मा गर्न मर्मत संभार कोष खडा गरी सोही कोषबाट त्यस्तो निर्माण कार्य, संचालन तथा मर्मत संभार गर्नु पर्नेछ ।

१६ यस सम्झौतामा बाँझिएका तथा समेट्न नसकिएका बुंदाहरुको हकमा प्रचलित नियम कानून बमोजिम हुने छ ।

| प्रथम पक्षको तर्फबाट | दोश्रो पक्षको तर्फबाट |
|---|---|
| ..................................... | .......................................... |
| श्री ......................... | श्री ........................ |
| प्रदेश सचिब | अध्यक्ष |
| भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, | ...................................... |
| बिराटनगर | ..................... |
| साक्षी | साक्षी |
| ..................................... | ..................................... |

इति संवत ................ साल ......... महिना ...... गते ...... रोज शुभम्

सचिव